# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

वादी नेपाल सरकार, प्रतिवादी मालपोत कार्यालय, कलंकीका नायव सुब्बा शेरबहादुर थापा समेत भएको घुस/रिसवत लिइ भ्रष्टाचार गरेको मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७४।८।२९ को निर्णयानुसार सजायँ मागदावीमा पूर्ण छुट दिइ सरकारी साक्षीको रुपमा पेश गरिएका बिचौलिया कपिलदेव खड्काले उक्त भ्रष्टाचार मुद्दामा अनुसन्धानको सिलसिलामा यथार्थ व्यहोरा खुलाइ बयान दिइ गरेको सहयोगको प्रतिकूल हुने गरी अदालतमा बकपत्र गरेको देखिँदा निज कपिलदेव खड्का उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५ को प्रतिवन्धनात्मक वाक्यांशको प्रावधान बमोजिम पुनः थप अनुसन्धान हुँदा निज कपिलदेव खड्काले उजुरी निवेदकबाट रू.३०,०००।-(तीस हजार) घुस रिसवत माग गरी सो रकम अभियुक्त शेरबहादुर थापालाई उपलब्ध गराएको देखिन आइ निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (२) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.३०,०००।-(तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को आधारमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजायँ हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता